## आठबीस नगरपालिका
# स्थानीय राजपत्र

खण्ड : २ संख्या : १३ मिति : २०७५/१२/२८

**भाग-२**

**आठबीस नगरपालिका**

# मनोसामाजिक परामर्श केन्द्र स्थापना तथा संचालन कार्य निर्देशिका २०७५

नेपाललगायत विश्वमा मानसिक समस्या भएका व्यक्तिहरुको संख्या दिन प्रतिदिन जनस्वास्थ्य समस्याका रुपमा बढिरहेको छ । विकसित भन्दा अर्धविकसित तथा निम्न आयस्तर भएका देशहरुमा यस समस्या बढी देखिएको छ । नेपालका विकट क्षेत्रहरुमा यसको अझ बढी प्रभाव देख्न सकिन्छ । समस्या एकातिर उपचार अर्को तिर भएका कारण यस रोगको जो खिमता दिन प्रतिदिन बढ्दो छ । दुर्गम, निरक्षर समुदायमा यस्तो समस्यालाई देवी देवता रिसाएको हुनाले देवी देवतालाई पुजा गर्नु पर्ने अन्धविस्वास ठुलो समस्याका रुपमा जकडिएर बसेको छ । अन्य स्वास्थ्य समस्या र मानसिक समस्याको विचमा धेरै गहिरो खाडल देख्न सकिन्छ, नेपालमा हाल सम्म पनि यस बारे प्राय धेरै अञ्चल अस्पताल, जिल्ला अस्पतालमा समेत त्यति महत्व दिएर काम गरेको देखिदैन, अहिलेको युवापिढींमा संचार र अन्य विकासका साथै विभिन्न कारणले यस्ता प्रकारका झन धेरै समस्या देखिन थालेका छन ।यस समस्यालाई न्यूनीकरण गर्न मनोसामाजिक परामर्श केन्द्र स्थापना गरि सेवा सुचारु गर्नु पर्ने देखिन्छ ।



**यस कार्यक्रमको उद्धेश्य**

१. समुदायमा मानसिक समस्याको बारेमा जानकारी बढाउने ।

२. हाल सम्म भैरहेका गलत उपचारहरु रोक्न पहल गर्ने ।

३. किशोरि-कशोरीहरुलगायत अन्य लक्षित वर्गमा घट्न सक्ने दुर्घटना कम गर्ने ।

४.सभ्य सुरक्षित समाज निमार्णका लागि पहल गर्ने ।

५. मानसिक रोगीहरुको संख्यामा कमी ल्याउनु ।

**यस कार्यक्रमका लक्षित समुदाय**

१. किशोर-किशोरी, युवा पिढीं

२. महिला, घरकी गृहणीहरु

३. सबै समुदायहरु

**कार्यक्रम संचालनका लागि अपनाइने प्रकृयाहरु :**

निम्न कृयाकलापहरुमार्फत यस कार्यक्रम संचालन गरिनेछ :

१. यस नगरपालिकाको केन्द्र राकम कणालीको स्वास्थ्य चौकीमा मनोसामाजिक परामर्श केन्द्र स्थापना गरिने छ ।

२. यस क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई विभिन्न संघ, संस्थाहरुसंग समन्वय सहकार्य गरि तालिम उपलब्ध गराइने छ ।

३. यस कार्यलाई थप प्रभावकारी बनाउन जिल्ला स्वास्थ्य कार्यालय, प्रदेश र संघमा स्वास्थ्य क्षेत्रसंग समन्वय र सहकार्य गरिनेछ ।

४. मनोपरामर्श कर्ताले मासिक रुपमा सेवा प्रदान गर्नेछ भने समय र से वाग्राहीहरुको संख्या अनुसार विशेषज्ञ सेवा प्रदान गरिनेछ ।

५. भविश्यमा मानसिक अस्पतालको विकास गर्नका लागि पहल गरिनेछ ।

**कार्यक्रम संचालन पश्चात प्राप्त हुने उपलब्धीहरु**

१. मानसिक समस्या के हो कसरी शुरुवात हुन्छ भन्नेबारे समुदायमा जानकारी बढेको हुनेछ ।

२. किशोरकिशोरी समुहहरुमा सामुहिक छलफलमार्फत मानसिक समस्याहरु पत्ता लगाई उचित परामर्श तथा उपचारका लागि पहल गरिनेछ ।

३. मानसिक समस्या भएकाहरुले सही उपचार पाएका हुनेछन् ।

४. समुदायका धामी झाँक्रीहरुले यस्ता प्रकारका विरामीहरुलाई उपचार केन्द्रमा

पठाउने बानीको बिकास भएको हुनेछ।

५. सभ्य समाज निमार्णमा सहयोग पुगेको हुनेछ।

आज्ञाले

**कुलराज सुवेदी**

**प्रमुख प्रशासकीय अधिकृत**